जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक २०८ • २०८३ जेठ ५ गते मंगलवार • 19 May 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

## मधेश प्रदेशभर एकैसाथ १९ वटा प्रदेशस्तरीय खेल प्रतियोगिता सुरु

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ४ जेठ**

मधेश प्रदेशभर एकैसाथ १९ वटा प्रदेशस्तरीय खेल प्रतियोगिता सुरु भएका छन् । मधेश खेलकुद परिषद्को आयोजनामा सुरु भएको प्रतियोगितामा दुई हजार ४७२ जना खेलाडी सहभागी भएका छन् । प्रदेशका विभिन्न जिल्लामा सञ्चालन भइरहेका प्रतियोगिताको उद्देश्य राष्ट्रियस्तरका खेलाडी उत्पादन गर्नुका साथै खेलाडीको क्षमता अभिवृद्धि गर्नु रहेको परिषद्का अध्यक्ष शिवजी साह कल्वारले बताए । उनका अनुसार महिला खेलाडीलाई विशेष प्राथमिकता दिँदै प्रतियोगिता सञ्चालन गरिएको हो ।



परिषद्का अनुसार प्रतियोगिता सञ्चालनका लागि करिब एक करोड ५५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । विभिन्न जिल्लामा फरक-फरक विधाका खेल भइरहेका छन् । जनकपुरधाममा महिला भलिबल, राष्ट्रिय खुला हाफ म्याराथन, कराँते तथा फुल कन्ट्याक्ट महिला/पुरुष प्रतियोगिता आयोजना गरिएको छ । त्यसैगरी महोत्तरीको जलेश्वरमा टेबल टेनिस महिला/पुरुष तथा कान्तिबजारमा पुरुष ह्यान्डबल प्रतियोगिता भइरहेको छ ।

रौतहटको चन्द्रपुरमा फुटबल, बाराको निजगढमा तेक्वान्दो महिला/पुरुष, कलैयामा पुरुष खो-खो र बास्केटबल प्रतियोगिता सञ्चालनमा छन् । वीरगञ्जमा शारीरिक सुगठन तथा जुडो महिला/पुरुष प्रतियोगिता आयोजना गरिएको छ । यस्तै, सर्लाहीको मलंगवामा पुरुष ब्याडमिन्टन र लालबन्दीमा एटीएफ महिला/पुरुष प्रतियोगिता भइरहेको छ ।

सप्तरीको राजविराजमा भारोत्तोलन तथा उसु र डोरीतान प्रतियोगिता सञ्चालन हुने आयोजकले जनाएको छ । सिरहाको गोलबजारमा पुरुष बुद्धिचाल तथा रग्वी प्रतियोगिता आयोजना गरिएको छ भने धनुषाको महेन्द्रनगरमा महिला/पुरुष हक्की प्रतियोगिता हुन लागेको परिषद्ले जनाएको छ । प्रदेशस्तरीय खेल गतिविधिले मधेसमा खेलकुदको माहोल थप उत्साहजनक बनेको स्थानीय खेलप्रेमीहरूले बताएका छन् ।


## सीमा स्तम्भ (पिलर) मर्मत तथा संरक्षण कार्यको अनुगमन



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ४ जेठ**

नेपाल-भारत सीमामा संयुक्त रूपमा सञ्चालन भइरहेको सीमा स्तम्भ (पिलर) मर्मत तथा संरक्षण कार्यको महोत्तरीमा अनुगमन गरिएको छ । सोमबार प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवसहित नेपाली तथा भारतीय सुरक्षा निकायका प्रतिनिधिहरूले सीमा क्षेत्रमा पुगेर मर्मत कार्यको स्थलगत निरीक्षण गरेका हुन् । अनुगमनका क्रममा सीमा क्षेत्रमा रहेका जीर्ण, क्षतिग्रस्त तथा हराउन थालेका पिलरहरूको पहिचान गरी पुनः मर्मत तथा व्यवस्थित गर्ने कार्य भइरहेको जानकारी दिइएको छ ।

दुवै देशका प्राविधिक टोलीको समन्वयमा सीमा स्तम्भहरूको मापन, रङरोगन तथा आवश्यक संरचनात्मक सुधारको काम अघि बढाइएको बताइएको छ । प्रमुख जिल्ला अधिकारी यादवले सीमा स्तम्भको संरक्षणले सीमा व्यवस्थापनलाई थप प्रभावकारी बनाउने उल्लेख गर्दै सीमा क्षेत्रमा हुने सम्भावित विवाद तथा अतिक्रमण नियन्त्रणमा समेत सहयोग पुग्ने बताए । उनले नेपाल-भारतबीचको मैत्रीपूर्ण सम्बन्धलाई अझ सुदृढ बनाउन संयुक्त रूपमा भइरहेको यस्तो कार्य महत्वपूर्ण रहेको धारणा राखे । उनले सीमा क्षेत्रको शान्ति, सुरक्षा तथा प्रशासनिक समन्वयलाई मजबुत बनाउन स्थानीय प्रशासन, सुरक्षा निकाय र सम्बन्धित प्राविधिक टोली निरन्तर सक्रिय रहेको पनि बताए ।


GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme



33 Years of Academic Excellence

## स्वस्थ वातावरण, स्वस्थ जीवनको आधार

- स्वच्छ र हरित वातावरण निर्माणमा सबैले योगदान दिऔं,
- प्लाष्टिकजन्य पदार्थको प्रयोग घटाऔं र पुनः प्रयोगलाई प्राथमिकता दिऔं,
- वृक्षारोपन गरौं र वन संरक्षणमा सक्रिय बनौं,
- प्रदूषण घटाउन सबै मिलेर सहकार्य गरौं,
- फोहोर व्यवस्थापन र सरसफाइमा ध्यान दिऔं,
- नवीकरणीय ऊर्जाका प्रयोग बढाऔं,
- जैविक विविधताको संरक्षण गरौं ।

हरित पृथ्वी, सुरक्षित भविष्य ।

नेपाल सरकार
विज्ञापन बोर्ड





# नेपालको कृषि संकट

नेपालको कृषि संकट केवल उत्पादनको संकट नभई यो नीति, बजार, पूर्वाधार र श्रम व्यवस्थापनसँग जोडिएको संरचनागत संकट रहेको देखिन्छ। त्यसैले कृषि आत्मनिर्भरता केवल नाराबाट सम्भव छैन। उत्पादनदेखि बजारसम्मको सम्पूर्ण प्रणाली सुधार गर्ने दीर्घकालीन राजनीतिक प्रतिबद्धता आवश्यक रहेको देखिन्छ। नेपालमा कृषि क्षेत्रलाई आत्मनिर्भर बनाउन आधुनिक प्रविधि, वैज्ञानिक खेती प्रणाली, सिँचाइ सुविधा, कृषि अनुसन्धान, उत्पादन-आधारित अनुदान र प्रभावकारी बजार व्यवस्थापन आवश्यक रहेको देखिन्छ। किसानलाई समयमै गुणस्तरीय बिउ, मल, उपकरण र बजार उपलब्ध गराउन सकिए उत्पादन उल्लेख्य रूपमा बढाउन सकिन्छ। यान्त्रिकीकरण, हरितगृह खेती, व्यावसायिक तरकारी तथा फलफूल उत्पादन, कृषि प्रशोधन उद्योग र जैविक उत्पादनलाई प्राथमिकतामा राख्दै कृषि क्षेत्रलाई उद्यमशील र प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ।

राज्यले कृषि क्षेत्रलाई केवल जीविकोपार्जनको माध्यम होइन, राष्ट्रिय अर्थतन्त्रको रणनीतिक आधारका रूपमा हेर्नुपर्ने देखिन्छ। दीर्घकालीन नीति, प्रभावकारी कार्यान्वयन, निजी क्षेत्रको लगानी र युवाको सहभागिता मार्फत मात्र नेपाल कृषि क्षेत्रमा आत्मनिर्भर बन्न सक्ने देखिन्छ। तसर्थ नेपालको कृषि क्षेत्रको संकटलाई निर्मूल पारी देशलाई फेरी पनि कृषिमैत्री बनाउन सकिन्छ।

## औषधि पसलबाट ठूलो परिमाणमा लागुऔषध बरामद



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ४ जेठ**

धनुषाको ढल्केबरस्थित एक औषधि पसलबाट ठूलो परिमाणमा लागुऔषध बरामद गर्दै प्रहरीले एक जनालाई पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय ढल्केबर र लागुऔषध ब्युरो शाखा कार्यालय बर्दिवास महोत्तरीबाट खटिएको संयुक्त टोलीले धनुषाधाम नगरपालिका-८ स्थित भिमान चोकमा सञ्चालनमा रहेको 'समीक्षा हेल्थ केयर'मा छापा मारेर लागुऔषधसहित सन्तोषकुमार विश्वकर्मालाई पक्राउ गरेको हो।

प्रहरी निरीक्षक लक्ष्मण केसीका अनुसार औषधि पसल तथा घरको कोठामा गरिएको खानतलासीका क्रममा विभिन्न प्रकारका प्रतिबन्धित औषधिजन्य लागुऔषध फेला परेको थियो। बरामद गरिएका औषधिमा ट्यापेन्टाडोल ५० एमजीका एक हजार ७०० पिस, स्पासरेस्ट १०० एमजीका एक हजार ५९० पिस, ट्यापेन्टाडोल १०० एमजीका एक हजार २०० पिस, ट्रामाडोल ५० एमजीका १०० पिस, एनाट्रामका २९ पिस, एन्टिकोफका ५०० पिस, स्पासपेनका ५०० पिस तथा स्पाज्मो २० एमजीका ३०० पिस रहेका छन्। प्रहरीका अनुसार कुल पाँच हजार ९१९ पिस लागुऔषध बरामद गरिएको हो।

ती औषधि घरको भुइँतलाको पछाडिपट्टि रहेको कोठामा कार्टुन र प्लास्टिकको पोकाभित्र लुकाएर राखिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ। पक्राउ परेका विश्वकर्मा धनुषाको गणेशमान चारनाथ नगरपालिका-१ निवासी रहेको प्रहरीको भनाइ छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## जनचेतनामूलक सन्देश

**सूर्तिजन्य पदार्थ, मादक पदार्थ सेवन तथा लागूऔषधको सेवनबाट जनस्वास्थ्यमा हुने असरहरू-**

- मुख र घाँटीको क्यान्सर
- फोक्सोको क्यान्सर
- स्तनको क्यान्सर
- पाठेघरको क्यान्सर
- मोतिया विन्दु
- छालाचाउरी पर्ने
- श्रवणशक्ति कमजोर हुने
- हाडहरु, कमजोर हुने
- मुटु सम्बन्धी रोगहरु लाग्ने रक्तचाप बढाउने
- पेट र आन्द्रामा अल्सर हुने
- मूत्रथैलीको क्यान्सर तथा गर्भपतन हुने
- मस्तिष्कमा रक्तस्राव, हृदयघात हुने
- एचआईभी, हेपाटाइटिस तथा यौनजन्य रोगहरू संक्रमण हुने, तौल घट्ने, शरीर दुब्लाउने, खानामा रुचि नहुने, ओभरडोज भएर मृत्यु समेत हुने।
- एकोहोरोपन, फ्रस्टेसन, डिप्रेसन, सोच्न सक्ने शक्ति हराउने, स्मरण शक्ति कम हुने, नकारात्मक भावनाको सिर्जना, आत्महत्या गर्न प्रेरित हुने।
- पारिवारिक असमझदारी बढ्ने, घरको सामानहरू चोरी हुने, दैनिक झगडा गर्ने, सम्पत्ति घट्दै जाने, पारिवारिक दूरी बढ्ने, अनैतिक कार्यमा संलग्न हुने इत्यादि।

**धूम्रपान त्याग्दा हुने फाइदहरू:**

- स्वास्थ्य, सुन्दर र सुरक्षित जीवन बाँच्न पाइने।
- खानेकुराहरुको स्वाद सप्रिने र रुची बढ्ने।
- तौल बढ्ने, हृष्टपुष्ट हुने।
- छाला चाउरीने समस्याबाट मुक्ति तथा दाँत र औंला पहेंलो नहुने।
- दम, खोकी, हृदयघात तथा क्यान्सर जस्ता प्राणघातक रोगबाट मुक्ति पाइने।
- केटाकेटीहरुलाई छातिको संक्रमित रोगहरु कम हुने।
- स्वस्थ्य बच्चाको जन्म हुने।
- पैसा खर्च कम हुने र पारिवारिक सन्तुष्टि प्राप्त हुने।
- छोराछोरीहरुले धूम्रपान सिक्ने सम्भावना कम हुने।
- धुँवारहित वातावरणमा बाँच्न पाइने पारिवारिक अधिकार पुरा हुने।

**अनुरोधकर्ता :**
**स्वास्थ्य कार्यालय धनुषा**

## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: आम्दानी हुने
मिथून: पिछडेको साथी मिल्न
कर्कट: खानपानमा समस्या आउने
सिंह: अनावश्यक चिन्ता
कन्या: विचार गरेर बोल्नुहोला
तुला: पढाईमा ध्यान दिनुपर्ने
वृश्चिक: मनमा पछुतो आउने
धनु: मित्रतामा फाटो आउने
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: लामो यात्राको योग छ
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# जेलेन्स्कीका सहयोगी यर्माक ३२ लाख डलर जमानत बुझाएर रिहा हुँदै

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ४ जेठ



युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीका पूर्व शक्तिशाली सहयोगी एन्ड्री यर्माक बहुचर्चित भ्रष्टाचार अनुसन्धानका क्रममा तोकिएको करिब ३२ लाख अमेरिकी डलर (१४ करोड रिभ्निया) बराबरको जमानत रकम बुझाएपछि हिरासतबाट रिहा हुने भएका छन्।

युद्धकालीन युक्रेनमा उच्च तहका पदाधिकारी जोडिएको यो अहिलेसम्मकै ठूलो भ्रष्टाचार प्रकरण हो। जसले देशको राजनीतिक वृत्तमा व्यापक तरङ्ग उत्पन्न गरेको छ। किएभस्थित विशेष भ्रष्टाचार विरोधी अदालतले गत साता यर्माकलाई प्रारम्भिक अनुसन्धानका लागि ६० दिन हिरासतमा राख्ने आदेश दिएको थियो। अदालतको प्रेस सेवाले सोमबार एएफपीसँग कुरा गर्दै यर्माकका तर्फबाट तोकिएको जमानत रकम पूर्ण रूपमा बुझाइसकिएको पुष्टि गरेको छ। आवश्यक कानुनी प्रक्रिया पूरा भएपछि उनी आजै दिनको अन्त्यसम्ममा रिहा हुने अदालतले जनाएको छ। जमानत रकम जम्मा हुनुअघि गत साता यर्माकले मिडियासँग बोल्दै आफूसँग व्यक्तिगत रूपमा त्यति ठूलो रकम नभएको र साथीभाइ तथा चिनेजानेका व्यक्तिहरूको सहयोगमा मात्रै रकम जुट्न सक्ने बताएका थिए। अभियोजनकर्ताहरूका अनुसार यर्माकमाथि किएभ बाहिर निर्माण गरिएको एक उच्चस्तरीय र विलासी आवासीय परियोजना मार्फत ठूलो परिमाणमा अवैध धन शुद्धीकरण (मनी लन्ड्रिङ) गरेको आरोप छ। अनुसन्धान अधिकारीहरूले उक्त परियोजनासँग करोडौं डलर बराबरको गम्भीर आर्थिक अनियमितता जोडिएको दाबी गरेका छन्। एन्ड्री यर्माकले नोभेम्बर महिनासम्म राष्ट्रपति जेलेन्स्कीको प्रमुख र निकटतम सहयोगीका रूपमा काम गरेका थिए।

# कान्सपछि आलियाको ट्रोलिङ

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ४ जेठ



कान्स फिल्म फेस्टिभल २०२६ को रेड कार्पेटबाट अभिनेत्री आलिया भट्टको एउटा भिडियो सोसल मिडियामा भाइरल भएपछि उनको ट्रोलिङ सुरु भएको थियो।

यस ट्रोलिङमाथि अहिले आलियाकी आमा तथा अभिनेत्री सोनी राजदानको प्रतिक्रिया सार्वजनिक भएको छ। वास्तवमा लेखिका शुनाली खुल्लर श्राफले इन्स्टाग्राममा एउटा विस्तृत पोस्ट सेयर गर्दै आलियाको समर्थन गरेकी थिइन्। शुनालीले ट्रोल गर्नेहरूलाई कडा जवाफ दिएको उक्त पोस्टमा कमेन्ट गर्दै सोनी राजदानले पनि आफ्नो प्रतिक्रिया दिएकी हुन्। शुनालीले आफ्नो पोस्टमा मानिसहरू एउटी सफल महिलालाई तल झरेको हेर्न मन पराउने उल्लेख गरेकी छन्।

सोसल मिडियामा भाइरल क्लिपमा आलिया भट्टले रेड कार्पेटमा पोज दिइरहेका बेला फोटोग्राफरहरूको ध्यान अर्कैतर्फ रहेको देखाइएको थियो। यसैलाई लिएर इन्टरनेट प्रयोगकर्ताहरूले पश्चिमा सञ्चारमाध्यमले आलियालाई बेवास्ता गरेको दाबी गर्न थालेका थिए। यस विषयमा शुनाली खुल्लर श्राफले कान्सको रेड कार्पेट सधैं अस्तव्यस्तताले भरिने बताइन्।

# “खेली मधेश, जीती मधेश” नारासहित प्रदेशस्तरीय खेलकुद प्रतियोगिता सुरु

दिपक श्रेष्ठ मण्डल
जनकपुरधाम, ४ जेठ



“खेली मधेश, जीती मधेश” भन्ने मूल नारासहित मधेश प्रदेशस्तरीय खेलकुद प्रतियोगिता भव्य रूपमा सुरु गरिएको छ।

मधेश खेलकूद परिषदको आयोजनामा उद्घाटन समारोह भव्य रुपमा सम्पन्न भएको हो। कार्यक्रमका प्रमुख अतिथि शिवाजी प्रसाद कानूले प्रतियोगिताको उद्घाटन गर्दै खेलकुदलाई युवाको प्रतिभा उजागर गर्ने प्रभावकारी माध्यम भएको उल्लेख गरे। उनले प्रदेशमा खेलकुद संस्कृतिको विकास, अनुशासनको प्रवर्द्धन तथा खेलाडी उत्पादनका लागि यस्ता प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्ने बताए। कार्यक्रमको अध्यक्षता असगर अली खानले गरेका थिए। विशिष्ट अतिथिका रूपमा मधेश प्रदेशका गृह तथा कानून मन्त्री एवं भलिबल संघका प्रदेश अध्यक्ष ज्ञानेंद्र कुमार यादव उपस्थिति रहेको थियो। कार्यक्रममा मधेश खेलकूद परिषदका कार्यकारिणी सदस्य लव अधिकारी समेत अतिथिका रूपमा सहभागी भएका थिए। त्यसैगरी परिषदका अन्य पदाधिकारीहरु दिपेन्द्र गोईत,अजीत मिश्रा लगायतका समेत उपस्थिति रहेको थियो। कार्यक्रम सञ्चालन प्रभु नारायण शिवाकोटीले गर्नु भयो त्यसतै स्वागत मन्तव्य परीशदका प्रशासनिक प्रमुख ज्याउल हकले गरेका थिए।

उनले मधेश प्रदेशमा खेलकुद पूर्वाधार विकास, प्रतिभा पहिचान तथा खेलाडी उत्पादनमा परिषद निरन्तर सक्रिय रहेको बताए। उद्घाटन अवसरमा पहिलो दिन भलिबल तथा कराते प्रतियोगिता सम्पन्न भएको आयोजकले जनाएको छ। प्रतियोगितामा मधेश प्रदेशका विभिन्न जिल्लाबाट खेलाडीहरूको उत्साहजनक सहभागिता रहेको छ। आयोजकका अनुसार प्रतियोगिता अन्तर्गत भलिबल, फुटबल, भारोत्तोलन, टेबल टेनिस, कराते, तेक्वान्दो, खो-खो, बुद्धिचाल, जुडो, फुल कन्ट्याक्ट, बास्केटबल, हक्की, ह्याण्डबल, आईटीएफ, डोरितान, उसु, रग्बी तथा ब्याडमिन्टनसहित १९ विधाका खेलहरू सञ्चालन हुनेछन्। उसुमा महिला तथा रग्बीमा पुरुषतर्फ प्रतिस्पर्धा गराइनेछ। प्रतियोगिता मधेश प्रदेशका विभिन्न जिल्लामा क्रमिक रूपमा आयोजना गरिने परिषदले जनाएको छ।

प्रतियोगितामा १६७ पुरुष र १०८ महिला गरी कुल २७५ खेलाडी, १८ प्रशिक्षक तथा १० व्यवस्थापकसहित कुल ३०३ जनाको सहभागिता रहेको आयोजकले जानकारी दिएको छ। खेलकुदमार्फत युवामा अनुशासन, आपसी सद्भाव तथा प्रदेशस्तरीय प्रतिभा विकासमा टेवा पुग्ने विश्वास आयोजकले व्यक्त गरेको छ।

# लिग २ : स्कटल्यान्डलाई हराउँदै नेपाल पाँचौं स्थानमा उक्लियो

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ४ जेठ



आईसीसी क्रिकेट विश्वकप लिग २ अन्तर्गत सोमबार भएको खेलमा नेपालले शीर्ष स्थानको स्कटल्यान्डलाई ६ विकेटले पराजित गरेको हो। जारी शृंखलामा दोस्रो जित हात पारेको नेपाल लिग २ को अंकतालिकामा पाँचौं स्थानमा उक्लिएको छ।

कीर्तिपुरस्थित टीयू मैदानमा स्कटल्यान्डले दिएको १९५ रनको लक्ष्य नेपालले ३८ ओभर १ बलमा ४ विकेट गुमाएर १९९ रन बनाउँदै पूरा गरेको हो। नेपालको जितमा कप्तान रोहित पौडेलले सर्वाधिक ७४ रन बनाएर नटआउट रहे। उनले ९८ बलमा ५ चौका र २ छक्का प्रहार गरे। रोहितले इशान पाण्डेसँग तेस्रो विकेटका लागि शतकीय साझेदारी गरे। इशान ६१ बलमा ५५ रन बनाएर आउट भए। उनले ५ चौका र २ छक्का प्रहार गरे। ओपनर कुशल भुर्तेल र आसिफ शेखले पहिलो विकेटका लागि ५८ रनको ओपनिङ साझेदारी गरेका थिए। कुशल २८ र आसिफ २९ रनमा आउट भए। त्यसपछि नेपालको ब्याटिङ रोहित र इशानले सम्हालेका थिए। उपकप्तान दीपेन्द्रसिंह ऐरी २ रनमा आउट हुँदा आरिफ शेख ८ रनमा अविजित रहे। बलिङमा स्कटल्याण्डका मार्क वाटले २ र ब्रेन्डन म्याकमुलेनले एक विकेट लिए। त्यसअघि त्रिवि क्रिकेट मैदानमा टस जितेर ब्याटिङ थालेको स्कटल्याण्ड ३९ ओभर एक बलमा १९४ रनमा अलआउट भएको थियो। स्कटल्याण्डका लागि ब्रेन्डन म्याकमुलेनले सर्वाधिक ७३ रन बनाए। उनले ४४ बलमा ६ छक्का र ६ चौका प्रहार गरे। माइकल इंग्लिसले अर्धशतक पूरा गरे। उनी ७२ बलमा ५१ रन बनाए। जर्ज मुन्से २१, फिन्ले म्याकक्रेथ ६, कप्तान रिची बेरिङटन १२, माथ्यु क्रस १, मार्क वाट २०, माइकल लिस्क १, ओलीइ जोन्स २ र ओलीभर डेभिडसन कुनै पनि रन नजोडी आउट भए।

बलिङमा नेपालका स्पिनर ललित राजवंशी घातक बने। लामो समय विकेटविहीन बनेका ललितले स्कटल्याण्डविरुद्ध ८ ओभरमा ३२ रन खर्चेर ४ विकेट लिए। सन्दीप लामिछाने १० ओभरमा ४७ रन खर्चेर ३ विकेट लिए। सन्दीपले ओडिआईमा सबैभन्दा छिटो १५० विकेटले मिचेल स्टार्कको कीर्तिमान तोड्दै नयाँ विश्व कीर्तिमान बनाए। उनले ७३ खेलमा उक्त उपलब्धि हासिल गरे।

# पीडितहरूद्वारा जिल्ला प्रशासन कार्यालय धनुषा अगाडि धर्ना

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, ४ जेठ



मिटरब्याजको मारमा परेको भन्दै पीडितहरूले जिल्ला प्रशासन कार्यालय धनुषा अगाडि धर्ना दिएका छन्। विभिन्न जिल्लाबाट आएका पीडितहरूले आफूहरू अन्यायपूर्ण ऋण र चर्को ब्याजका कारण आर्थिक तथा मानसिक समस्यामा परेको गुनासो गरेका छन्। धर्नामा सहभागीहरूले अवैध रूपमा असुल गरिएको ऋण खारेज गर्न, मिटरब्याजीमाथि कडा कानुनी कारवाही गर्न तथा पीडित परिवारलाई न्याय र राहत उपलब्ध गराउन सरकारसँग माग गरेका छन्। उनीहरूले पीडितका समस्या समाधानमा राज्य गम्भीर नभएको आरोपसमेत लगाए। पीडितहरूले वर्षौंदेखि चर्को ब्याज तिर्दा पनि ऋण नघटेको, उल्टै घरजग्गा गुमाउने अवस्था सिर्जना भएको बताए। 'गरिबी र बाध्यताका कारण ऋण लियौं, अहिले ब्याजकै भारले जीवन संकटमा परेको छ,' एक पीडितले भने।

# दुईदिने ढक-तराजु चेकजाँच क्याम्प सञ्चालन

जलेश्वरटुडे समाचारदाता
सिरहा, ४ जेठ



उपभोक्तालाई सही तौल तथा मापन सेवा सुनिश्चित गर्ने उद्देश्यले मिर्चैयामा दुईदिने ढक-तराजु चेकजाँच क्याम्प सञ्चालन गरिएको छ।

मिर्चैया उद्योग वाणिज्य संघको आयोजनामा मिर्चैया नगरपालिका-५ स्थित संघको कार्यालयमा क्याम्प सञ्चालन गरिएको हो। क्याम्पमा विराटनगरबाट आएको पाँच सदस्यीय प्राविधिक टोलीले स्थानीय व्यवसायीहरूले प्रयोग गर्दै आएका ढक, तराजु तथा नापतौलसम्बन्धी उपकरणहरूको परीक्षण, प्राविधिक जाँच तथा नवीकरण गरिरहेको आयोजकले जनाएको छ। टोलीको नेतृत्व निरीक्षक मनीषा राईले गरेका छन्। निरीक्षक राईले बजारमा सही नापतौल प्रणाली कायम गर्नु उपभोक्ता अधिकार संरक्षणको महत्वपूर्ण आधार भएको बताउँदै नियमित परीक्षण तथा अनुगमनले व्यवसायप्रति उपभोक्ताको विश्वास अझ मजबुत हुने बताए। कार्यक्रमबारे जानकारी दिँदै भरत महासेठले व्यवसायलाई पारदर्शी, विश्वसनीय र व्यवस्थित बनाउन यस्ता प्राविधिक क्याम्प आवश्यक रहेको उल्लेख गरे। उनले व्यवसायीहरूलाई कानुनी मापदण्ड अनुसारका नापतौल उपकरण प्रयोग गर्न आग्रहसमेत गरे। संघका अनुसार जेठ ४ र ५ गतेसम्म सञ्चालन हुने क्याम्पमा स्थानीय व्यवसायीहरूको उल्लेखनीय सहभागिता रहेको छ। आयोजकका अनुसार बजारमा उपभोक्ता हित संरक्षण तथा सही नापतौल प्रणालीको प्रवर्द्धनका लागि आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

# भू-राजनीतिक चोकप्वाइन्ट नियन्त्रणको रणनीति

-२१ औं शताब्दीमा विश्व शक्ति संरचना भू-भागभन्दा बढी अर्थतन्त्र, प्रविधि र प्रणालीका चोकप्वाइन्ट नियन्त्रणमा केन्द्रित हुँदै गएको छ। शक्ति अब प्रत्यक्ष सैन्य बलमा होइन, आर्थिक, प्रविधि र वित्तीय संरचनामा निर्भरता सिर्जना र नियन्त्रणमा आधारित छ। नेपालजस्ता साना राष्ट्रका लागि सन्तुलित र बहुआयामिक कूटनीति आवश्यक छ, किनभने एकपक्षीय निर्भरताले दीर्घकालीन जोखिम बढाउँछ। विगतमा शक्ति भन्नाले सैन्य बल, भू-भाग नियन्त्रण र प्रत्यक्ष युद्ध जित्ने क्षमता बुझिन्थ्यो। साम्राज्यहरू ट्यांक, तोप र सेनाको संख्याले मापन हुन्थे। तर, आज यो परिभाषा बदलिएको छ। २१ औं शताब्दीमा विश्व शक्ति संरचना रूपान्तरण हुँदै छ।

शक्ति क्रमशः अदृश्य संरचनाहरूमा रूपान्तर छ, जहाँ अर्थतन्त्र, प्रविधि र वैश्विक प्रणाली निर्णायक बनेका छन्। शक्ति त्यति स्पष्ट, देखिने र प्रत्यक्ष छैन। यो सूक्ष्म, जटिल र संरचनात्मक भएको छ- भूभागमा होइन, सञ्जाल र निर्भरतामा लुकेको छ। जेक सुनिभान (अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार) ले प्रस्तुत गरेको भूराजनीतिक दृष्टिकोणले बदलिँदो यही यथार्थको प्रतिबिम्ब गर्छ। उनको विचारमा २१ औं शताब्दीको प्रतिस्पर्धा 'कुन देशले कति जमिन जित्यो' भन्दा पनि 'कुन देशले विश्व प्रणालीका महत्त्वपूर्ण चोकप्वाइन्ट (रणनीतिक नोड वा निर्भरता बिन्दु) नियन्त्रण गर्छ' भन्नेमा केन्द्रित हुँदै गएको छ। यसको अर्थ भू-राजनीतिक चोकप्वाइन्ट नियन्त्रण केवल सैन्य रणनीति होइन, आर्थिक शक्ति विस्तार, कूटनीतिक प्रभाव र प्रविधि नियन्त्रणसँग गाँसिएको बहुआयामिक अभ्यास हो। भूराजनीतिक विश्लेषक एडवर्ड फिसम्यानका अनुसार, विश्व अर्थतन्त्र केही सीमित संरचनामा निर्भर छ, जसको नियन्त्रण केही शक्तिशाली राष्ट्रहरूले गरेका छन्। अमेरिकी डलर प्रणाली, अन्तर्राष्ट्रिय बैंकिङ नेटवर्क, सेमिकन्डक्टर आपूर्ति शृंखला र ऊर्जा व्यापार मार्गहरू यस्ता प्रमुख चोकप्वाइन्ट हुन्। यी संरचना नियन्त्रण गर्ने राष्ट्रले अरू देशलाई प्रत्यक्ष युद्ध नगरीकनै गहिरो आर्थिक दबाब दिएका छन्। शक्ति चोकप्वाइन्टमा केन्द्रित छ, जहाँ विश्व प्रणालीका संवेदनशील बिन्दुहरू नियन्त्रण गरेर बिनायुद्ध पनि प्रतिद्वन्द्वीलाई कमजोर वा नियन्त्रण गर्न सकिन्छ।

आज विश्व व्यवस्था स्थिर छैन, तर परिवर्तनशील र प्रतिस्पर्धात्मक छ। शीतयुद्धको समयमा जस्तो स्पष्ट वैचारिक विभाजन आज छैन, तर रणनीतिक अविश्वास र परनिर्भरता भने झन् गहिरिँदै छ। पहिलो, कुनै देशको प्रभाव/शक्ति अब उसको जीडीपी, उत्पादन क्षमता, आपूर्ति शृंखलामा नियन्त्रण र वित्तीय संस्थामाथिको पकडले निर्धारण गरेको छ। वर्ल्ड बैंक वा इन्टरनेसनल मोनेटरी फन्डजस्ता संस्था विकास सहायता दिने निकाय मात्र नभई नीतिगत सर्त, ऋण संरचना र आर्थिक सुधारका ढाँचामार्फत विकासशील देशहरूको आर्थिक मार्गनिर्देशनमा प्रभाव पार्ने संरचनात्मक शक्ति बनेका छन्। दोस्रो, प्रविधि आजको शक्ति प्रतिस्पर्धाको मुख्य केन्द्रबिन्दु हो। कृत्रिम बुद्धिमत्ता, सेमिकन्डक्टर, डेटा र साइबर संरचनाजस्ता क्षेत्रमा अग्रता हासिल गर्ने राष्ट्रहरू नै शक्ति केन्द्र बनेका छन्। उदाहरणका लागि हुवावेइ र एप्पल इन्कबीचको प्रतिस्पर्धा केवल बजार हिस्सा होइन- प्रविधि नियन्त्रणमार्फत वैश्विक प्रभाव विस्तार गर्ने प्रतिस्पर्धा हो। प्रविधि इकोसिस्टम, डेटा नियन्त्रण र डिजिटल निर्भरता निर्माण गर्ने दीर्घकालीन शक्ति संघर्ष हो। प्रत्यक्ष सैन्य भिडन्तभन्दा बढी अब प्रतिस्पर्धा चिप डिजाइन, एल्गोरिदम, सफ्टवेयर र डेटा प्रवाह नियन्त्रणमा केन्द्रित छ, प्रविधि युद्ध तीव्र छ। यी प्रविधिगत नयाँ चोकप्वाइन्टमा नियन्त्रण गरेका मुलुकले आर्थिक लाभ मात्रै होइन, राजनीतिक र भू-रणनीतिक प्रभावसमेत विस्तार गरेका छन्।

तेस्रो, प्रणाली नियन्त्रण शक्ति संरचनाको सबैभन्दा सूक्ष्म तर निर्णायक आयाम हो। आज विश्व व्यापार, इन्टरनेट संरचना, भुक्तानी प्रणाली र मानक निर्माण जस्ता क्षेत्रमा जसको नियन्त्रण छ, उसैले नियम बनाउँछ। यसैले विश्व व्यापार प्रणाली, इन्टरनेटको आर्किटेक्चर, डिजिटल प्लाटफर्महरू, भुक्तानी नेटवर्कहरू र प्राविधिक मानक निर्माण गर्ने संस्था आजको शक्ति सन्तुलनका अदृश्य तर निर्णायक स्तम्भ बनेका छन्। यसैकारण अन्तर्राष्ट्रिय भुक्तानी प्रणाली र वित्तीय सञ्जालहरूमा पहुँच रोक्ने वा सहज बनाउने क्षमता केवल आर्थिक उपकरण नभई यो भू-राजनीतिक दबाबको अत्यन्तै प्रभावकारी माध्यम बनेको छ। डलर प्रणाली चोकप्वाइन्टको केन्द्रमा छ। डलर केवल मुद्रा होइन, यो विश्व व्यापारको प्रवेशद्वार हो। डलर प्रणालीमा पहुँच भएका मुलुक विश्व बजारमा प्रवेश गर्न सक्छ। र, जसलाई छैन, ऊ सीमित हुन्छ।



त्यसैले डलर एक प्रकारको वैश्विक शक्ति संरचना बनेको छ। यस संरचनामा संयुक्त राज्य अमेरिका अगाडि देखिन्छ। डलर प्रणालीमा यसको प्रभुत्व, वैश्विक वित्तीय संस्थाहरूमा प्रभाव र प्रविधिमा अग्रताले ऊ विश्व प्रणालीको केन्द्र बनेको हो। आज विश्व व्यवस्था स्थिर छैन, तर परिवर्तनशील र प्रतिस्पर्धात्मक छ। शीतयुद्धको समयमा जस्तो स्पष्ट वैचारिक विभाजन आज छैन, तर रणनीतिक अविश्वास र परनिर्भरता भने झन् गहिरिँदै छ। न त पुरानो शीतयुद्ध जस्तो पूर्ण विभाजित छ, न एकध्रुवीय स्थिर प्रणाली नै। बरु यो एक संक्रमण चरण हो, जहाँ प्रतिस्पर्धा र सहअस्तित्व दुवै समानान्तर चलिरहेका छन्। तर, त्यसको नियम र स्थायित्व अझै स्पष्ट छैन। यसको निष्कर्ष, भविष्यको शक्ति कुनै एक देशको हातमा स्थायी रूपमा रहने छैन। यो ती राष्ट्रहरूको हातमा केन्द्रित हुनेछ जसले अर्थतन्त्र, प्रविधि, ऊर्जा र वित्तीय प्रणालीका चोकप्वाइन्ट नियन्त्रण गर्न सक्छन्। त्यसैले विश्वभर राजनीतिक र रणनीतिक रूपमा अविश्वास बढ्दो छ। फरक शासन प्रणाली र विकास मोडलबीचको संघर्ष र चोकप्वाइन्ट नियन्त्रणको राजनीति चर्किएको छ। अन्तर्राष्ट्रिय प्रणाली अनिश्चित र अस्थिर छ। युक्रेन युद्ध, मध्यपूर्वको तनाव, इन्डो-प्यासिफिक क्षेत्रमा बढ्दो प्रतिस्पर्धा र व्यापार युद्धहरू यसै संक्रमणका परिणाम हुन्। यी घटना क्षेत्रीय संघर्ष मात्रै होइनन्, विश्व व्यवस्थाको दिशा निर्धारण गर्ने संघर्षका विभिन्न रूप हुन्।


विश्व व्यवस्था बाह्य रूपमा खुला प्रतिस्पर्धा र स्वतन्त्र बजारजस्तो देखिए पनि यसको आन्तरिक संरचना गहिरोसँग असमान शक्ति वितरण, जटिल अन्तरनिर्भरता र निरन्तर चलिरहने 'अदृश्य संघर्ष' मा जेलिएको छ। अतः विश्व शक्ति व्यवस्थाको भविष्य न पूर्ण सहअस्तित्वमा स्थिर छ, न पूर्ण टकरावतर्फ। यो एक गतिशील र अनिश्चित संक्रमणकाल हो, जहाँ प्रतिस्पर्धा र सहअस्तित्व दुवै एकसाथ अस्तित्वमा छन्। त्यसैले वास्तविक चुनौती प्रतिस्पर्धा रोक्नु होइन, त्यसलाई व्यवस्थापन गर्दै सहअस्तित्व दिगो बनाउनु हो। यही सन्तुलनले आगामी दशकको विश्व व्यवस्था निर्धारण गर्नेछ। यस संरचनाको अर्को महत्त्वपूर्ण पक्ष हो- सामाजिक र आर्थिक असमानता। विश्वव्यापी पुँजी केही केन्द्रहरूमा केन्द्रित हुँदै जाँदा धेरै देश र समाज कमजोर हुँदै गएका छन्। यो असमानताले सामाजिक अस्थिरता, राजनीतिक ध्रुवीकरण र बसाइँसराइको दबाब बढाउँछ। कमजोर राज्यहरू कमजोर चोकप्वाइन्ट बन्ने सम्भावना रहन्छ, जसलाई बाह्य शक्तिले सजिलै प्रभावित-नियन्त्रण गर्न सक्छ।

**साभार : कान्तिपुर।**

**"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस।"**



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




**व्यवसायिक खेतिमा विषादीको कम प्रयोग**

**आजै घटाऔं विषादीको प्रयोग, अनि भोलि पाउछौं स्वस्थ योग।**

**प्राकृतिक मल प्रयोग गरौं, माटो पानी जोगाऔं, हरियाली बढाऔं।**

**आमसंचार प्राधिकरण**
मधेश प्रदेश, जनकपुरधाम

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday